# मिति २०८१/०९/२६ गते सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गर्न पठाइएको मुद्दाको विवरण

| सि.नं. | प्रतिवादीहरु | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | पुस्कर प्रसाद भट्ट, हिमालय सिंह ऐर, गोबिन्दराज उपाध्याय, दिपेन्द्र चौधरी, बिष्णुदेव भट्ट, सुवास अधिकारी, ईश्वरी प्रसाद भट्ट, दिवाकर भट्ट, केशवराज भट्ट, खगेश्वरी भट्ट र श्री भवानी कन्स्ट्रक्सन प्रा.लि. (विशेष अदालतको मुद्दा नं. ०७९- | राजश्व चुहावट र हानि नोक्सानी गरी सरकारी रकमको हिनामिना गरेको । | **भिमदत्त नगरपालिकाको तत्कालीन प्रमुख प्रशासकिय अधिकृत पुष्कर प्रसाद भट्ट र लेखा अधिकृत गोविन्द राज उपाध्यायको हकमा** मु.अ. करसमेत रु.१,९५,७२,१०७।७९ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क)(ख) बमोजिमको कसूर गरेको हुँदा भ्रष्टाचार निवारण ऐन २०५९ को दपा ७ ले निर्दिष्ट गरेबमोजम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिमको कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रकमको दोव्वर जरिबाना हुन समेतको सजायको मागदाबी साथै प्रतिवादीहरु पुष्कर प्रसाद भट्ट र गोविन्द राज उपाध्यायलाई सरकारी रकम हानि नोक्सानी तर्फको मु.अ. करसमेत रु.३,४७,५९,७१९।९७ | **फैसलाः**<br>प्रतिवादी प्रतिबादीहरू पुस्कर प्रसाद भट्ट,हिमालयसिंह ऐर,गोबिन्दराज उपाध्याय,दिपेन्द्रट चौधरी,बिष्णुदेव भट्ट,सुवास अधिकारी,ईस्वरी प्रसाद भट्ट,दिवाकर भट्ट,केशवराज भट्ट,खगेश्वरी भट्ट लाई आरोपीत कसूरवाट सफाई पाउने ठहर गरी फैसला भएको।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारः**<br>क) बादीले पेश गरेको मिसिल सामेल मिति २०७८\०८\०२ को महाकाली नदिजन्य पदार्थको ढुंगा गिट्टि बालुवा ग्राभेल र माटो रोयल्टी शुल्क उठाउने पट्टाको फारमा कार्य अबधि २०७८।०८।०३ देखि ०७९ साल जेठ मसान्त सम्म उल्लेख भई बुँदा नं. ५ को तालिकामा उत्खनन गर्न अनुमति दिइएको ढुंगा गिट्टी बालुवाको परिणाम आरोपपत्रमा उल्लेख भए अनुरूप ६,१३,९८,२६० | उल्लिखित आधारहरुलिई विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरूलाई आरोप मागदावीबाट सफाई दिने गरी भएको फैसला देहायका आधार, कारणहरुबाट सो हदसम्म बदरबागी रहेको छ<br><br>सुदूरपश्चिम प्रदेश सरकारबाट मिति २०७८।०३।२८ मा राजपत्रमा प्रकाशित सूचना अनुसार मिति २०७८।०४।०१ गतेदेखि लागू हुने गरी नदीजन्य पदार्थको (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा माटो) को भ्याटबाहेक न्यूनतम प्रति घनफिट रोयल्टी रु.३।९(रु.१०५।८४ घनमिटर) रहने भन्ने सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७८ मा उल्लेख भएको रहेको देखिन्छ ।भीमदत्त नगरपालिका ,नगरकार्यपालिकाको कार्यालय कञ्चनपुरको आन्तरिक आयको ठेक्काको आआ ३३३६६-२७८७९ को सुचना मिति २०७८।०४।०३ मा बोलपत्रमा महाकाली नदिको प्राकृतिक स्रोत नदिजन्य पदार्थको (ढुंगा,गिट्टी बालुवा ग्राभेल तथा माटो) रोयल्टी उठाउने ठेक्कामा मिति २०७८।०५।०१ गतेको दिनको १२ बजेको समयसम्म बोलपत्र पेश गर्ने गरी सूचना प्रकाशित भएकोमा उक्त ठेक्काको न्युनतम बोलपत्र कबोल अंक रू ६,००,००,०००।-(छ करोड ) तोकी राष्ट्रिय स्तरको प्रत्रिकामा मिति २०७८।०४।०३ सूचना प्रकाशित भएको देखिन्छ । मिति२०७८।०४।०२ गते बसेको हिमालय सिंह ऐरको संयोजकत्वमा सुवास अधिकारी, बिष्णुदेव भट्ट, दिपेन्द्र चौधरी र आमन्त्रित पुष्प राज भट्ट समेतको खरिद ईकाइको बैठकबाट आ.व. २०७८/०७९ को लागि महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको (ढुंगा, गिटी, बालुवा, ग्राभेल तथा माटो) को भ्याटबाहेक रु.७५।- प्रति घनमिटर अनुसार रोयल्टी उठाउने न्यूनतम कबोल अंक रु.६,००,००,०००।- कायम गरिएको बोलपत्र पुस्तिका तयार गरी स्वीकृतिको लागि नगरकार्यपालिकाको कार्यालयमा पेश गरेको देखिन्छ सोही आधारमा प्रतिबादीले पेश गरेको बोलपत्रको पुस्तिकामा बोलपत्र सूचनाको ३(क) ठेक्काका मुख्य शर्तहरूमा बुँदा नं. ४ मा बोलपत्र पेश गर्दा कबोल अंकको ५%का दरले हुन आउने रकम धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा बाणिज्य बैंकले जारी गरेको सो रकम वरावरको १२० दिन म्याद भएको बोलपत्र जमानत पेश गर्नु पर्ने र बुँदा नं. ६ मा सम्झौता गर्दा कबोल अंकको ४०% ले हुन आउने रकम नगदै राष्ट्रिय बाणिज्य बैंकको खातामा जम्मा गरेको भौचर र बाकी ६०% रकम बराबरको ठेक्का अवधि सम्मको |

| | | | | | |
|---|---|---|---|---|---|
| | CR-०१२२ र फैसला मिति २०८१/०२/१ | | बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्दिष्ट गरेबमोजिम निज प्रतिवादीहरु पुष्कर प्रसाद भट्ट र गोविन्द राज उपाध्यायलाई सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिमको कैद सजाय र ऐ. दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानि नोक्सानी भएको बिगो रु.३,४७,५९,७१९।९७ समेत ऐ. दफा १७ बमोजिम यीनै प्रतिवादीहरुबाट बिगो असुल उपर हुन मागदाबी<br>**प्रतिवादीहरु हिमालय सिंह ऐर, सुबास अधिकारी, बिष्णु देव भट्ट र दिपेन्द्र चौधरीलाई** राजश्व चुहाबट गरी हानि नोक्सानी तर्फको मु.अ. करसमेत रु.१,९५,७२,१०७।७९ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ७ को खण्ड (क) र (ख) को कसूरमा सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ ले निर्दिष्ट गरे | नभई ४,५०,३३५\११ घनमिटर मात्र तथा दर रेटमा रू १०५\८४ भन्ने नै उल्लेख भएको देखिन्छ यस्तो स्पष्ट तथ्य सम्बन्धमा समेत यो बिबाद उठाई भ्रष्टाचारको आरोप गरिएको देखिदा तथ्यगत आधारमै उक्त दफा ७ को दावी पुग्न नसक्ने देखियो<br>ख) भवानी कन्स्ट्रक्सनले सुरक्षणको लागी राखेको चेक अनादर भएपछी भिमदत्त नरपालिकाले उक्त रकम असुलीका लागी चेक अनादर मुद्दा कन्चनपुर जिल्ला अदालतमा हालेको देखिएको र यसबाट जमानत वापत चेक लिएको प्राबिधिक कारणले मात्र प्रतिबादीहरुले भ्रष्टाचार निचारण ऐन ,२०७४ को दफा १७ को कसूर गरेको भन्न मिलेन<br>ग) प्रचलित कानूनले स्थानिय तहको करको दर तोक्ने र जारी गर्ने अधिकार निर्वाचित प्रतिनिधिमा रहने कुरालाई ऐनले नै स्वीकारेको र नगरसभाले करको दर तोकी कार्यान्वयन गर्न सक्ने | मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको जमानतपत्र (कार्य सम्पादन जमानत पत्र) पेश भएपछी सम्झौता गरीने र बाँकी रकमको दोस्रो किस्ता ४०%२०७८ मंसिर मशान्त र तेस्तो किस्ता २०% २०७८ साल चैत मसान्त सम्म कार्यालयमा दाखिल गर्नुपर्ने शर्तहरू रहेको देखिन्छ । यस्तै बुँदा नं. १४ मा ठेक्का कबोल गरी सम्झौता भए बमोजिमको रकममा कुनै कारण जनाई तथा नजाई कुनै किसिमको मिनाह र छुट दिइने छैन भन्ने व्यबस्था गरेको छ । जसमा ढुंगा ,गिट्टी,, बालुवा ,ग्राभेल,आदि रू ७५ रुपैया र माटोको रू ३० को करको दर प्रति घनमिटर रहने भन्ने उल्लेख भएको देखिन्छ भने जम्मा रकम रू ६,२१,००,०००।- राखेको देखिन्छ ।सोही आधारमा श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.ले रू ६,२१,००,०००।-(भ्याट बाहेक) कबोल गरेको हुँदा उक्त बोलपत्र सारभुत रूपमा प्रभावग्राही भएको हुँदा बोलपत्र मुल्यांकन समितिको मिति २०७८।०२।०२ को बैठकको निर्णयबाट स्वीकृतिको छनोट भई सिफारिस भई सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २(१) प्रयोजनको लागी बोलपत्र स्वीकृत गर्ने आशयको सुचना मिति २०७८।०७।२३ गते प्रकाशित भएकोमा निर्धारित समयभित्र कुनै पनि किसिमको उजुर बाजुर नपरेकोले सम्झौता प्रकृया अगाडी बढाउन मिति २०७८।०७।३० गते हिमालय सिंह ऐरले टिप्पणी उठाई प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गरेको देखिन्छ<br>ख) मिति २०७८।०५।०२ मा बोलपत्र मूल्याङ्कन समितिको संयोजक पुष्कर प्रसाद भट्टको संयोजकत्वमा बसेको मूल्याङ्कन समितिले भीमदत्त नगरपालिकाको ठेक्का नं. नं.७/आआ-३३३६६/२०७८/०७९ महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको रोयल्टी उठाउनको लागि E-bidding बाट प्राप्त १(एक) मात्र बोलपत्र भवानी कन्स्ट्रक्शन प्रा.लि.ले ठेक्काको लागि रु.६,२१,००,०००।- (अक्षेरुपी छ करोड एक्काईस लाख मात्र भ्याटबाहेक) कवोल गरेकोले सारभुत रुपमा प्रभावग्राही भएकोले उक्त बोलपत्र स्वीकृत गर्न नगर कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो भन्ने मूल्याङ्कन समितिले निर्णय गरेको देखिन्छ ।यस्तै भीमदत्त नगरपालिका कन्चनपुरबाट मिति २०७८।०४।०३ गतेमा प्रकाशित बोलपत्र सूचना वमोजिम ठेक्कात नं.७/आआ-३३३६६/२०७८/०७९ को ठेक्कामा श्री भवानी कन्स्ट्रक्सन, भीमदत्त-१८ कन्चनपुरले पेश गरेको कबोल अंक भ्याट बाहेकको रु.६,२१,००,०००।- को बोलपत्र मिति २०७८।०५।०२ गतेको मूल्याङ्कन समितिको निर्णयबाट स्वीकृतिको लागि छनौट भई सिफारिस भएकोले बोलपत्र स्वीकृत गर्ने आशयको सूचना मिति २०७८।०७।२३ गते प्रकाशित भएकोमा कुनै किसिमको उजुर बाजुर समेत नपरेकोले स्वीकृत गर्ने भन्ने मिति २०७८।०७।३० गतेको नगरकार्यपालिकाको निर्णयबाट देखिन्छ। भीमदत्त |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (झ) बमोजिमको कैद सजाय हुन र सोही ऐनको दफा ७ बमोजिम चुहावट भएको राजश्व रकमको दोव्वर जरिबानाको सजायको मागदाबीको साथै प्रतिवादीहरु हिमालय सिंह ऐर, सुबास अधिकारी, बिष्णु देव भट्ट, दिपेन्द्र चौधरीले बदनियतपूर्बक भए गरेका कुरा लुकाईछिपाई खरिद प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेस गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको कसूर गरेकोले निज प्रतिवादीहरु हिमालय सिंह ऐर, सुबास अधिकारी, बिष्णु देव भट्ट, दिपेन्द्र चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिमको सजायको **प्रतिवादीहरु केशव राज भट्ट, दिवाकर भट्ट, ईश्वरी प्रसाद भट्टको नजिकको हकदार श्रीमती खगेश्वरी भट्ट र भवानी** | अवस्था रहेको हुँदा कम्तिमा रू १०५\८४ प्रति घनमिटरका दरले राजश्व बुझाउने गरी सम्झौता गर्नु पर्नेमा प्रति घनमिटर रु ७७\६३ मात्र बुझाउने गरी सम्झौता गरेको भनी हानी नोक्शानी भएको भन्ने कसूर पुष्टि हुन आएन<br>घ) प्रतिबादीहरूले मौकामा र अदालतमा बयान गर्दा कसूर गरेकोमा ईन्कार गरी बयान गरेको देखिएको | नगरकार्यपालिकाको मिति २०७८।०७।३० गतेको निर्णय अनुसार ठेक्का नं.७/आआ-३३३६६/२०७८/०७९ ठेक्का भवानी कन्स्ट्रक्सन प्रा.लि. भीमदत्त-१८ कञ्चनपुरको नाममा स्वीकृत भएकोले कबोल गरेको रु.६,२१,००,०००।- (अक्षेरुपीछ करोड एक्काईस लाख) को ४० प्रतिशतले हुन आउने रकम रु.२,४८,४०,०००।- (दुई करोड अठ्चालिस लाख चालिस हजार) नगदै जम्मा गरी बाँकी रकम बराबरको २०७९ साल असार मसान्तसम्मको म्याद भएको बैंक जमानतपत्र सहित १५ दिनभित्र सम्झौता गर्न आउने भन्ने भीमदत्त नगरकार्यपालिकाको च.नं. २५४० मिति २०७८।०७।३० को पत्रबाट देखिन्छ ।यसरी उल्लेखित पत्र समेत हेर्दा समेत यी प्रतिबादीहरूको एक आपसमा मिलोमतो गरी नगरपालिकालाई नोक्शान र भवानी कन्स्ट्रक्सनलाई फाईदा पुग्ने गरी सम्झौता गरेको पुष्टि भएको देखिएबाट प्रतिबादीहरूलाई सजाय गर्नु पर्नेमा सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ<br>ग) भिमदत्त नगरपालिकाको मिति २०७८।०७।३० गतेको च.नं. २५४० को पत्रबाट श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.लाई ठेक्का सम्झौता गर्न आउने बारेको पत्रमा कबोल गरेको अंक रू ६,२१,००,०००।-को ४०% हुने आउने रू २,८८,४०,०००।-नगदै जम्मा गरी बाँकी रकम २०७९ असार मशान्त सम्मको भएको बैंक जमानत पत्र सहित १५ दिन भित्र सम्झौता गर्नको लागी पत्राचार भएको देखिन्छ । उक्त पत्र अनुसार श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.को आधिकारीक प्रतिनिधि दिवाकर भट्टले मिति २०७८।०८।०१ मा निबेदन सहित ठेक्का सम्झौताको लागी उपस्थित भएको देखिन्छ ।ठेक्का बमोजिमको कार्य गर्नको लागी सम्झौता गर्नआउदा मिति २०७८।८।०२ मा रू ९०,००,०००।-(नब्बेलाख) नगद र १,०१,००,०००।-(एक करोड एक लाख ) सिद्धार्थ बैंक लि.मा रकम चेक जम्मा गरेको भौचर पेश गरेको देखिन्छ । भिमदत्त नगरपालिका र भवानी कन्स्ट्रक्सन प्रा.लि. बिच भएको सम्झौता हेर्दा मिति २०७८।०४।०३ मा प्रकाशित गरिएको ठेक्का नं. ०७ आ.आ.३३३६६०७८०७९ को सूचना बमोजिम ढुंगा,गिट्टी बालुवा,ग्राभेल र माटो उत्खनन संकलन तथा बिक्रीबितरण लागी तपाईले पेश गर्नु भएको बोलपत्र मुल्यांकन गर्दा आ.ब. ०७८\०७९ का लागी रू ४,७६,६३,४६९।- मा तपाईसंग ठेक्का सम्झौता गर्न मिति २०७८।०७।३० मा यस कार्यालयबाट निर्णय भएको हुँदा सम्झौता गर्न उपयुक्त हुने भन्ने समेत व्यहोरा उल्लेख गरी उक्त सम्झौताको शर्तमा २०७८\०७९ को लागी कबोल अंकको रू ४,७६,६३,४३९ रकम मध्ये रू १,९१,००,०००।-जम्मा भएको भौचर थान २ पेश गरेको र बाँकी रू २,८५,६३,४६९।-रकम सिद्धार्थ बैंक लिमिटेडको नगद चेक बुझाई भन्ने राखि सम्झौता भएको देखिन्छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | **कन्स्ट्रक्शन प्रा.लि.को हकमा** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरेको भनी प्रतिवादीहरु केशव राज भट्ट, दिवाकर भट्ट र भवानी कन्स्ट्रक्शन प्रा.लि.लाई गैरकानूनी लाभ लिई भीमदत्त नगरपालिकालाई हानि पुर्याएको मु.अ. करसमेत रु.५,४३,३१,८२७।७६ बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको सजाय तथा बिगो जफत समेतको सजायको मागदाबी र ईश्वरी प्रसाद भट्टको मृत्यु भईसकेको अवस्था भएकोले निजको हकमा प्रचलित कानुनबमोजिम निजको हक खाने अंशियार निजको श्रीमती प्रतिवादी खगेश्वरी भट्टबाट विगो रु.५,४३,३१,८२७।७६ असुल उपर हुन | | ।भिमदत्त नगरपालिकाको मिति २०७८।१२।०१ को च.नं. ४८०९ को पत्रको बुँदा नं. ४ मा भीमदत्त नगरपालिकाको आर्थिक ऐन २०७८ को अनुसूची १२ मा दउत्तर,बहत्तर शुल्क वापत दर रू ७५ उल्लेख भएपनि ढुंगा,गेट्टी बालुवा,ग्राभेलको दहत्तर,बहत्तरको संकलन बिक्रीमा लाग्ने शुल्क बापतको दर प्रदेश कानूनले निर्धारण गरे बमोजिम हुने भन्ने कानुनी ब्यवस्था भएकोले सोही बमोजिम दररेट कायम गरिएको भन्ने समेत व्यहोरा उल्लेख भएबाट समेत प्रतिबादीहरूको बदनियत पुष्टि भईरहेको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>घ) यस्तै भीमदत्त नगरपालिकाको निकालेको बोलपत्र पेश गर्न आउने सूचना,प्रतिबादीले पेश गरेको बोलपत्र र उक्त बोलपत्र स्वीकृत गर्दा उक्त कम्पनिले राखेको न्यूनतम कबोल अंक, कार्यालयमा निज कम्पनिले राखेको बोलपत्र सारभुत रूपमा प्रभाबकारी रही बोलपत्र मुल्यांकन समीतिको निर्णय र प्रतिबादीले पेश गरेको बोलपत्र पुस्तिकाको उल्लेख गरेको रकम भन्दा फरक पारी भिमदत्त नगरपालिका र भवानी कन्सट्रक्शन प्रा.लि. बिच सम्झौता भएको देखिन्छ । उक्त सम्झौतामा आ.ब. २०७८\०७९ को लागी रू ४,७६,६३,४६९।-मा तपाईसंग ठेक्का सम्झौता गर्न मिति २०७८।०७।३० मा यस कार्यालयबाट निर्णय भएको हुँदा उपयुक्त निर्णय अनुसार उक्त रकम मध्ये रू १,९१,००,०००।- कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंक लिमिटेडको नगद चेक बुझाई मिति र बाँकी रू २,८५,६३,४६९।- सिद्धार्थ बैंक लिमिटेडको नगद चेक बुझाई मिति २०७८।०८।०३ देखि २०७९ जेष्ठ मशान्त सम्म आ.ब. ०७८\०७९ को ठेक्का संचालन गर्ने भन्ने समेत व्यहोरा राखि सम्झौता गरेको देखिन्छ । र सोही सम्झौताको आधारमा महाकाली नदीजन्य पदार्थको ढुंगा गिट्टी बालुवा ,ग्राभेल र माटो रोयल्टी शुल्क उठाउने पट्टाको फारममा रोयल्टी शुल्कमा रू ४,७६,६३,४६९।-रकममा ४,५०,३३५.११ घनमिटर परिमाणको रू १०५.८५ प्रति घनमिटर भनी उल्लेख गरेको देखिन्छ ।भिमदत्त नगरपालिकाको मिति २०७९।०९।२१को च.नं. ३१४२ को पत्रको बुदा नं. ३ मा दुबै पक्ष बीच सम्झौता हुँदा पहिलो किस्ता बापत रू १,९१,००,०००।-जम्मा भएको र असुल उपर गर्नु पर्ने रकम रू २,८५,६३,४६९.०० भएकोमा सिद्धार्थ बैंकको चेक यस कार्यालयलाई श्री भवानी कन्स्ट्रक्सन प्रा.लि.बाट पेस गरेकोमा सो चेक बमोजिम रकम बैंकमा दाखिल नभइ चेक अनादर भएकोमा यस कार्यालयबाट मिति २०७९ श्रावण १७ गते कञ्चनपुर जिल्ला अदालतमा मुद्दा दायर गरेको भन्ने उल्लेख भएको देखिन्छ ।यसरी बोलपत्र सूचना,बोलपत्र मुल्यांकन समितिको निर्णय र प्रतिबादीले पेश गरेको बोलपत्र प्रस्ताब |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | पुस्तिका बिपरित तथा प्रतिबादीले सम्झौता गर्न आउने बारेको पत्रमा समेत सम्झौता गर्न आउने शर्तमा उल्लेख गरे अनुसार बैंक जमानत राख्नु पर्नेमा चेक पेश गरेको अवस्थामा समेत सम्झौता गरेको कारण चेक अनादर भई अदालती प्रकृयामा जानु पर्ने अवस्था सृजना भएको देखिदा प्रतिबादीहरूको कारण राजश्वमा समेत नोक्शान भएको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको देखिन्छ<br>ङ) भीमदत्त नगरपालिका कन्चनपुरका प्रमुख प्रशासकीय अधिकृत पुष्कर प्रसाद भट्ट (प्रथम पक्ष) र श्री भवानी कन्स्ट्रक्सन प्रा.लि. भीमदत्त न.पा.-१८ का आधिकारिक प्रतिनिधि दीवाकर भट्ट (द्वितीय पक्ष) बीच रु.१,९१,००,०००।- (अक्षेरुपी एक करोड एकानव्वे लाख) नगरपालिकाको नामको राष्ट्रिय बाणिज्य बैकमा पैसा जम्मा गरेको बैक भौचर २ थान पेश गरी बाँकी रकम रु.२,८५,६३,४६९।- को सिद्धार्थ बैंक लिमिटेडको मिति २०७९।०२।३१ उल्लेख भएको ठेकदार पक्षले चेक (Cheque) बुझाई महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको (ढुंगा, गिट्टी, बालुवा, ग्राभेल तथा माटो) रोयल्टी उठाउने सम्वन्धी ठेक्कामा मिति २०७८।०८।०३ देखि मिति २०७९ साल जेठ मसान्त सम्म आ.व.२०७८/०७९ को लागि असोज १ गतेदेखि सम्झौता हुनु भन्दा पहिलेका दिनहरुलाई दामासाहीले घटाई बाँकी हुन आउने रकम कुल कबोल अङ्क मानी सोही बराबर मु.अ. करबाहेक रु.४,७६,६३,४६९।- (अक्षेरुपी चार करोड छ्यहत्तर लाख त्रिसट्ठी हजार चार सय उनन्सत्तरी रुपैयाँ) ठेक्का अङ्क उल्लेख गरी उक्त सम्झौतामा नै प्रति घनफिट रु.७७।६३ प्रति घनमिटर) को दरमा रोयल्टी संकलन गर्न पाउने गरी मिति २०७८ साल मंसिर २ गते सम्झौता भएको सम्झौता पत्रबाट देखिन्छ । यसरी मिति २०७८/०३/२८ मा नै प्रदेश सरकारद्धारा प्रकाशित राजपत्रको सूचना अनुसार नदिजन्य पदार्थ ढुङ्गा,गिटी,वालुवा र ग्राभेलको रोयल्टी शुल्क रु.३ प्रति घनफिट (१०५/८४ प्रतिघनमिटर) भन्ने उल्लेख हुँदा हुदै भीमदत्त नगरपालिकाले मिति २०७८/०४/०३ गते वोलपत्र आब्हान गरेको वोलपत्र पुस्तिकाको बुँदा नं.१५ मा शुल्क दरमा भ्याट बाहेक रु.७५ प्रति घनमिटर उल्लेख गरी नदीजन्य पदार्थ गिटी,वालुवा,ग्राभेल,ढुङाको न्युनतम रोयल्टी प्रति घनमिटर रु.७५।- को आधारमा न्युनतम कवोल अङ्क रु.६,००,००,०००।- उल्लेख भएको आधारमा बोलपत्रदाताले रु.६,२१,००,०००।-(अक्षेरुपी छ करोड एक्काईस लाख) प्रति घनमिटर रु. ७७/६३ मात्रको हिसाव अनुसार उत्खनन् गर्न सकिने गरी समयको अनुपातको हिसावले रु. ४,७६,६३,४६९।-(चार करोड छयाहत्तर लाख त्रिसट्ठी हजार चार सय उनानसत्तरी) मा सम्झौता गरेको अवस्था छ।सोही सम्झौताको बुँदा नं. १७ मा नगरपालिकालाई बुझाउनु पर्ने बिक्री शुल्क सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | मा ढुगा,गिटी,बालुवा,ग्राभेल र रोडा स्वीकृत खानी क्षेत्र बाहेक प्रति घनमिटर रु.१०५/८४ का दर रहेको भन्ने उल्लेख समेत गरी भीमदत्त नगरपालिकाले ठुलो रकमको राजश्व चुहावट हुने गरी सम्झौता गरेको अवस्था एकातर्फ छ भने अर्को तर्फ आर्थिक बर्ष २०७८/०७९ को भीमदत्त नगरपालिका अन्तर्गत महाकाली नदीबाट नदीजन्य पदार्थ उत्खनन् सम्वन्धी ठेक्का नं. ७/आ.आ/३३३६६/२०७८/०७९ प्रकासित बोलपत्रको बुँदा नं. ३(ख) को देहाय ६ अनुसार बोलपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कबोल अंकको ४०% ले हुन आउने रकम नगदै भीमदत्त नगरपालिकाको खातामा जम्मा गरेको भौचर पेश गरी बाँकी रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त “क” बर्गको बाणिज्य बैंकबाट जारी भएको जमानत पेश भए पछि मात्र सम्झौता गरिने छ भन्ने प्रावधान बिपरीत मिति २०७८।०८।०२ गते श्री भवानी कन्स्ट्रक्सन प्रा.लि. भीमदत्त नगरपालिका-१८ ले भीमदत्त नगरपालिका सँग मु.अ.कर बाहेक रु.४,७६,६३,४६९।- (अक्षेरुपी चार करोड छयाहत्तर लाख त्रिसठ्ठी हजार चार सय उनान्सत्तरी) मा सम्झौता गर्दा सम्झौता रकमको ४०% ले हुन आउने रु.१,९१,००,०००।- (अक्षेरुपी एक करोड एकानव्वे लाख) नगरपालिकाको नामको राष्ट्रिय बाणिज्य बैकमा पैसा जम्मा गरेको बैक भौचर पेश गरेको देखिन्छ । बाँकी रकम रु.२,८५,६३,४६९।- को बैङ्क जमानत पेश गर्नुपर्नेमा सो विपरीत सिद्धार्थ बैंकको मिति २०७९।०२।३१ गतेको मिति उल्लेख भएको चेक पेश गरेकोमा उक्त चेकको रकम नगरपालिकाको खातामा दाखिला नभई चेक अनादर भएको देखिन्छ । यसरी जमानत नराखी गरिएको सम्झौता समेत सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यबस्थापन कार्यबिधि, २०७५को दफा १० को उपदफा (२) को बिपरीत भएको समेत देखिन्छ। तसर्थ, उक्त ठेक्कामा नियमानुसार लिनुपर्ने जमानत नलिईकन गरिएको सम्झौता गरिएको छ त्यस्तै मिति २०७८।०८।०२ मा श्री भवानी कन्स्ट्रकशन प्रा.लि.सँग सम्झौता गर्दा सम्म पनि सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७८ मा उल्लेखित दररेट अनुसार ठेक्का सम्झौता नगरी ठेक्का सम्झौतामा दररेट फरक पारी कम्तिमा रु. १०५/८४ प्रति घनमिटरका दरले राजश्व बुझाउने गरी सम्झौता गर्नुपर्नेमा प्रति घनमिटरको रु.७७।६३ मात्रका दरले रकम नगरपालिकामा बुझाउने गरी सम्झौता गर्दा नगरपालिकालाई भएको हानिनोक्सानीलाई निम्नानुसारको तालिका बाट समेत प्रष्ट हुन्छ।<br><br>**बोलपत्र प्रकाशन र सम्झौता गर्दा प्राकृतिक स्रोत करको दरमा देखिएको फरक**<br>➢ बोलपत्र अनुसार स्रोत कर प्रति घनमिटर भ्याटबाहेक रु ७५ न्यूनतम बोल कबोल रकम रु. ६,००,००,०००।- परिमाण घ.मि रहेको देखिन्छ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | ➢ कबोल अंक- स्रोत कर प्रति घनमिटर भ्याटबाहेक रु ७७।६३ न्यूनतम बोल कबोल रकम रु. ६,२१,००,०००।-।- परिमाण घ.मि ८,००,०००।- रहेको देखिन्छ<br>➢ सम्झौता रकम- स्रोत कर प्रति घनमिटर भ्याटबाहेक रु ७७।६३न्यूनतम बोल कबोल रकम रु. ४,७६,६३,४६९।-परिमाण घ.मि ६,१३,९८२।- रहेको देखिन्छ<br>➢<br>➢ कबोल अंक- स्रोत कर प्रति घनमिटर भ्याटबाहेक रु १०५।८४न्यूनतम बोल कबोल रकम रु६,१३,९८२.६० परिमाण घ.मि ६,१३,९८२.६० रहेको देखिन्छ हानि नोक्शानी भएको रकम १,७३,२०,४४९।३८ सम्झौतादर अनुसार फरक रकम रहेको<br>➢ १३ प्रतिशत भ्याट रकम २२,५१,६५८।४१ जम्मा रकम<br>➢ फरक देखिएको जम्मा रकम १,९५,७२,१०७।७९<br>माथि उल्लेखित तालिकाबाट समेत प्रतिबादीहरूले बोलपत्रमा सूचना प्रकाशित गर्दा प्रदेश कानून बिपरितको प्राबधान राखि निकालिएको सूचनालाई समेत उल्लंघन गरी कम दर राखि बोलपत्रको सूचनामा उल्लेख गरेको र रकमको हकमा समेत बोलपत्रको सूचनामा उल्लेख गरेको रकम भन्दा कम रकममा सम्झौता गरेको प्रत्यक्ष देखिदा देखिदै बादीले पेश गरेको मिसिल सामेल मिति २०७८\०८\०२ को महाकाली नदिजन्य पदार्थको ढुंगा गिट्टि बालुवा ग्राभेल र माटो रोयल्टी शुल्क उठाउने पट्टाको फारममा कार्य अबधि २०७८।०८।०३ देखि ०७९ साल जेठ मसान्त सम्म उल्लेख भई सोको बुँदा नं. ५ को तालिकामा उत्खनन गर्न अनुमति दिइएको ढुंगा गिट्टी बालुवाको परिणाम आरोपपत्रमा उल्लेख भए अनुरूप ६,१३,९८,२६० नभई ४,५०,३३५\११ घनमिटर मात्र तथा दर रेटमा रू १०५\८४ भन्ने नै उल्लेख भएको देखिन्छ यस्तो स्पष्ट तथ्य सम्बन्धमा समेत यो बिबाद उठाई भष्ट्राचारको आरोप गरिएको देखिदा तथ्यगत आधारमै उक्त दफा ७ को दावी पुग्न नसक्ने देखियो भन्ने आधार लिई गरेको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>च) सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७८ को दफा ८ मा प्राकृतिक स्रोत कर अन्तर्गतको माटो, ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडाको संकलन गर्दा अनुसूची -६ बमोजिमको प्रति घनफिट रु.३(प्रति घनमिटर रु.१०५।८४) को न्यूनतम दर तोकी मिति २०७८।०४।०१ गतेबाट लागू भएको प्रदेश कानून मिति २०७८।०३।२८ मा नै राजपत्रमा प्रकाशित भई सो कानुन लागू भईरहेको |

अबस्थामा भवानी कन्स्ट्रक्शन प्रा.लि.सँग सम्झौता गर्नको लागि बोलाइएको भिमदत्त नगरपालिकाबाट मिति २०७८।०७।३० र च.नं.२५४० को पत्रबाट ठेकदार पक्षले शुरुमा बोलकवोल गरेको प्रति घनमिटर रु.७७।६३ मा प्रदेश कानून अनुसार करको दरमा कुनै संशोधन नगरिकन पत्र लेखिएको देखिन्छ।एकातिर भवानी कन्स्ट्रक्शन प्रा.लि.सँगको सम्झौतापत्रको बुँदा नं.१५ र १७ मा सुदूरपश्चिम सरकारले तोकेबमोजिमको दर रेट रु.१०५/८४ प्रति घनमिट मा मु.अ.करबापत १३% थप गरी बिक्री मुल्य बा शुल्क संकलन गर्ने उल्लेख भएको र अर्को तिर नगरपालिकामा ठेकदार पक्षले जम्मा गर्ने राजश्व दर भने ठेकदारले कवोल गरेको प्रति घनमिटर रु.७७।६३(भ्याटबाहेक) को दरले मात्र हुने गरी सम्झौता गरेको देखिई बोलपत्र सूचनाको अंक भन्दा कम अंकमा सम्झौता गरी प्रतिबादीहरूको एकआपसमा मिलोमतो गरी राजश्व चुहावट गरेको देखिदा देखिदै सफाई दिने गरी फैसला गर्न मिल्ने होईन ।

**५) उपयुक्त तथ्यहरू रहेको प्रस्तुत मुद्दामा प्रतिबादीहरूको निम्न कार्यमा संलग्नता रहेको देखिदा देखिदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ**

**क)** प्रतिबादी पुष्कर प्रसाद भट्ट र गोविन्द राज उपाध्यायको संलग्नातर्फ हेर्दा आर्थिक बर्ष २०७८/०७९ को भीमदत्त नगरपालिका अन्तर्गत महाकाली नदीबाट नदीजन्य पदार्थ उत्खनन् सम्वन्धी ठेक्का नं. ७/आ.आ/३३३६६/२०७८/०७९ को ठेक्का सम्बन्धमा मिति २०७८।०३।२८ मा प्रदेश राजपत्रमा प्रकाशित भई मिति २०७८।०४।०१ गतेबाट प्रदेशभर लागू भएको सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७८ को दफा ८ मा प्राकृतिक स्रोत कर अन्तर्गतको माटो, ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडाको संकलन गर्दा अनुसूची ६ बमोजिमको प्रति घनफिट रु.३(प्रति घनमिटर रु.१०५।८४) को न्यूनतम दरलाई नजरअन्दाज गरी पुष्कर प्रसाद भट्ट संयोजक र गोविन्द राज उपाध्याय सदस्यसमेत भएको बोलपत्रको मूल्याङ्कन समितिले मिति २०७८।०५।०२ मा निर्णय गरि ठेक्का) नं. ७/आ.आ/३३३६६/२०७८/०७९ को ठेक्का भवानी कन्स्ट्रक्शन प्रा.लि.लाई रु.६,२१,००,०००।—(प्रति घनमिटर रु.७७/६३) मा नै बिना संशोधन स्वीकृत गर्न सिफारिस गरेकोमा सोही मूल्याङ्कसनको आधारमा मिति २०७८।०७।३० मा ठेक्का सम्झौता गर्न १५ दिने सूचना समेत गरी भवानी कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता हुँदा प्राकृतिक स्रोतको करको दररेटमा कुनै प्रकारको संशोधन नगरी ठेकेदार पक्षलाई आर्थिक लाभ हुने गरी सम्झौतामा अस्पस्ट र परस्पर विरोधाभाषी सर्तहरु राखी ठेकेदारले नगरपालिकामा प्रतिघनमिटर रु.७७।६३ बुझाउने तर ठेकेदारले रु. १०५।८४ प्रति

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | घनमिटर उठाउन पाउने (सर्त नं. २,३,१५ र१७)जस्ता शर्तका बुँदाहरु राखी नगरपालिकालाई प्रत्यक्ष राजश्व नोक्सानी हुने र ठेकेदारलाई प्रत्यक्ष लाभ पाउने गरी सम्झौता गरी भीमदत्त नगरपालिकालाई हानी नोक्शानी गरेको देखिन्छ । भीमदत्त नगरपालिकाको तर्फबाट बोलपत्र मुल्याङ्कन समितिको संयोजक तथा सम्झौता गर्ने प्रतिबादी पुष्कर प्रसाद भट्ट र वोलपत्र मुल्याङ्कन समितिको सदस्य तथा सम्झौतापत्रको साक्षीमा रही हस्ताक्षर गर्ने प्रतिवादी गोविन्द राज उपाध्याय ले सही गरेको देखिन्छ ।यस्तै यी प्रतिबादीहरूले सम्झौतामा चेक लिएको भनी उल्लेख भएको चेक सही हो भनी प्रमाणित हुने कुनै आधार प्रमाण नरहेको एवम् सिद्धार्थ बैंक लिमिटेडको मिति २०७९।०२।३१ गतेको चेकको सम्बन्ध नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क"बर्गको बाणिज्य बैंकबाट जारी भएको जमानत सरह नहुने तथा यी दुई बिषय बिल्कुलै बेग्लाबेग्लै बिषय भएको अवस्था र ठेकदारले उक्त रकम समेत नबुझाएको अवस्था हुँदा बोलपत्रसमेतको शर्त विपरीत रहेकोले मिति २०७८।०८।०२ मा श्री भवानी कन्स्ट्रकशन प्रा.लि.सँग भीमदत्त नगरपालिकाको सम्झौता हुँदा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त "क"बर्गको बाणिज्य बैंकबाट जारी भएको बैङ्कद जमानतन लिई नगरपालिकाको तर्फबाट ठेक्का सम्झौतामा हस्ताक्षर गरी यी प्रतिबादीहरूले भीमदत्त नगरपालिकालाई हानी नोक्शानी गरेको देखिदा देखिँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।<br>ख) प्रतिबादी मध्येका पुष्कर कुमार भट्टले मौकामा बयान गर्दा आ.व. ०७८\०७९ मा ४७६३४६५ रकममा ठेक्का सम्झौता भएको हो (स.ज. १०) पौष ४ गते पछि ठेक्का सम्झौता भएको मितिदेखि दामाशाहीले दिनगन्ती गरी बाँकी अवधीको हुन आउने रकममा सम्झौता भएको हो (स.ज. १२) भनी बोलपत्रमा उल्लेखित रकमभन्दा कम रकममा सम्झौता भएको भन्नेमा स्वीकार गरी बयान गरेका छन ।प्रतिबादीले सम्मानति अदालतमा उपस्थित भई बयान गर्दा बोलपत्र आह्वानको सूचना,बोलपत्र पुस्तिकामा उल्लेख भएको व्यहोरा,बोलपत्रको व्यहोरा र निर्णयमा उल्लेख भएको व्यहोरा ठीक साचो हो भनी बयान गरेका छन उल्लेखित कागजपत्रमा रू ६ करोडको ठेक्काको बारेमा उल्लेख गरेको देखिन्छ। साथै अनुसन्धानको क्रममा बयान गरेको व्यहोरा समेत ठीक साँचो हो ( स.ज. २२) भनी बयान गरेका छन । यसरी प्रतिबादीले नै कम मुल्यमा सम्झौता गरेको स्वीकार गर्दा गर्दै को अवस्थामा रोयल्टी शुल्क उठाउने पट्टाको फारमलाई आधार लिई फैसला गर्न मिल्ने होईन ।प्रतिबादी गोबिन्दराज उपाध्यायले सम्मानित अदालतमा बयान गर्दा नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकिय अधिकृत र श्री भवानी कन्सट्रक्सन प्रा.ली. का |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | बिचमा भएको सम्झौतामा साक्षी बसेकोमा स्वीकार गरी बयान गरेका छन् (स.ज. ११) भवानी कन्सट्रक्सन र ईश्वरी प्रसाद भट्टले मिति २०७८।०५।०१ मा दिएको बोलपत्र र मिति २०७८।०५।०२ गते भवानी कस्ट्रक्सन प्रा.ली. को बोलपत्र स्वीकृत गर्न तयार गरेको सबैभन्दा बढी रकम रू ६,२१,००,०००।— कबोल अंक सारभुत रूपमा प्रभावग्राही देखिएकोले स्वीकृतिको लागी नगरकार्यपालिकामा सिफारिस गरेको र मौकामा अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान समेत ठीक साँचो हो भनी उल्लेख गरिदिएका छन् ।यसरी प्रतिबादीले मौकामा र अदालतमा समेत बोलपत्रको सूचना,बोलपत्र खोल्दा सबैभन्दा बढी पेश गर्ने भवानी कन्सट्रक्सनलाई सिफारीस गरेको र निर्णय समेत भएको भन्ने स्वीकार गरी कम रकममा सम्झौता भएको भन्ने व्यहोरा समेत स्वीकार गरी उक्त कार्यमा संलग्न रहेको कुरामा इन्कार गर्न नसकेकी बयान गरेको अवस्था हुँदा हुँदै केवल पट्टा फारममा समेत बोलपत्र सूचनामा उल्लेख गरेको रकम भन्दा कम रकम उल्लेख गरी नगरपालिकालाई राजश्वमा हानी नोक्शानी गरको भन्ने प्रष्ट हुँदा हुदै गलत अर्थ लगाई गरिएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ ।<br>ग) प्रतिबादी हिमालय सिंह ऐर, सुबास अधिकारी, बिष्णु देव भट्ट, दिपेन्द्र चौधरीको संलग्नताको सम्बन्धमा मिशिल सम्लग्न कागजात हेर्दा यी प्रतिबादीहरूले अन्तर सरकारी बित्त ब्यबस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (२) मा प्रदेशको अर्थ मन्त्रीले प्रत्येक बर्ष असार महिनाको १ गतेभित्र आगामी बर्षको राजश्व र ब्ययको अनुमान प्रदेशसभामा पेश गर्ने प्राबधान र सोही अनुसार प्रत्येक आर्थिक बर्षको शुरुवात अर्थात श्रावण १ गतेबाट लागू हुने प्रदेश आर्थिक ऐन मिति २०७८।३।२८ को प्रदेश राजपत्रमा प्रकाशित भई कार्यान्वयनमा आईसकेको अवस्थामा उक्त ऐनको बिपरीत हुने गरी आर्थिक बर्ष २०७८/७९ को भीमदत्त नगरपालिका अन्तर्गत महाकाली नदीबाट नदीजन्य पदार्थ उत्खनन् सम्वन्धी ठेक्काम नं. ७/आ.आ/३३३६६/२०७८/०७९ को ठेक्का सम्बन्धमा मिति २०७८।०४।०२ मा हिमालय सिंह ऐर संयोजकत्वमा सुबास अधिकारी, बिष्णु देव भट्ट, दिपेन्द्र चौधरीसमेत भएको खरिद ईकाई बैठकले आ.व.२०७८/७९ को लागि महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको (ढुंगा, गिटी, बालुबा, ग्राभेल तथा माटो) को रोयल्टी उठाउने गरी प्रति घनमिटर रु.७५।- शुल्क दर भएको बोलपत्र पुस्तिका तयार गरी स्वीकृतिको लागि पेश गरेको र सोही बोलपत्रको आधारमा नै मिति २०७८।०५।०२ गतेको पुष्कर प्रसाद भट्टको संयोजकत्वको बोलपत्रको मूल्याङ्कन समितिले ठेक्का नं. ७/आ.आ/३३३६६/२०७८/०७९ को ठेक्का भवानी कन्स्ट्रक्शन प्रा.लि.लाई रु.६,२१,००,०००।- (प्रति घनमिटर रु.७७।६३) मा नै स्वीकृत गर्न |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | नगरकार्यपालिकाको कार्यालयमा सिफारिस गरेकोमा सोही आधारमा मिति २०७८।०८।०२ मा भवानी कन्स्ट्रक्सन प्रा.लि.सँग ठेक्का सम्झौता हुँदा मिति २०७८।०४।०१ देखि प्रदेशभर लागू भएको सुदूरपश्चिम प्रदेश आर्थिक ऐन,२०७८ को दफा ८ मा प्राकृतिक स्रोत कर अन्तर्गतको माटो, ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडाको संकलन गर्दा अनुसूची -६ बमोजिमको प्रति घनफिट रु.३(प्रति घनमिटर रु.१०५।८४) प्राकृतिक स्रोतको करको कायम दररेट अनुसार बोलपत्र पुस्तिका तयार नगरी मु.अ.करसमेत रु.१,९५,७२,१०७।७९ (अक्षेरुपी एक करोड पन्चान्नब्बे लाख बहत्तर हजार एक सय सात रुपैयाँ पैसा उनान्असी) बराबरको राजश्व चुहावट गरी सरकारी रकमको हानि नोक्सानी गर्ने कार्य गरेको देखिन्छ । साथै अन्तर सरकारी बित्त व्यबस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा (२) मा प्रदेशको अर्थ मन्त्रीले प्रत्येक बर्ष असार महिनाको १ गतेभित्र आगामी बर्षको राजश्व र ब्ययको अनुमान प्रदेशसभामा पेश गर्ने प्राबधान र सोही अनुसार मिति २०७८।३।२८ को प्रदेश राजपत्रमा प्रकाशित भई सोही आर्थिक बर्षको शुरुवात अर्थात श्रावण १ गतेबाट लागु भएको प्रदेश आर्थिक ऐनको बिपरीत हुने गरी मिति २०७८।०४।०२ मा हिमालय सिंह ऐर संयोजकत्वमा सदस्यहरु सुबास अधिकारी, बिष्णु देव भट्ट, दिपेन्द्र चौधरीसमेत भएको खरिद ईकाई बैठकले आ.व.२०७८/०७९ को लागि महाकाली नदीको प्राकृतिक स्रोत नदीजन्य पदार्थको (ढुंगा, गिटी, बालुवा, ग्राभेल तथा माटो) को रोयल्टी उठाउने गरी प्रति घनमिटर रु.७५।– शुल्क दर भएको बोलपत्र पुस्तिका तयार गरी स्वीकृतिको लागि पेश गरेको देखिएकोले मिति २०७८।०४।०१ गतेबाट लागू भईसकेको सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०७८ को दफा ८ मा प्राकृतिक स्रोत कर अन्तर्गतको माटो, ढुङ्गा, गिटी, बालुवा, ग्राभेल र रोडाको संकलन गर्दा अनुसूची -६ बमोजिमको प्रति घनफिट रु.३(प्रति घनमिटर रु.१०५।८४) को न्यूनतम दर लागू भईसकेको अबस्थामा यथार्थरुपमा जाँचबुझ गरी बोलपत्रसहितको प्रतिवेदन गर्नुपर्नेमा सो नगरी बदनियतपूर्बक भएगरेका कुरा लुकाईछिपाई खरिद प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेश गर्ने यी प्रतिबादीहरू खरिद ईकाइका संयोजक तथा सदस्यहरु रही पेश गरेको हुँदा भीमदत्त नगरपालिकालाई राजश्व चुहावट गरी हानी नोक्शानी गरेको देखिएबाट समेत प्रतिबादीले राजश्व चुहावट गरेको पुष्टि हुँदा हुँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>घ) प्रतिबादीहरू हिमालय सिंह ऐर समेतले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष बयान गर्दा आर्थिक बर्ष ०७८\०७९ को न्यूनतम ठेक्का रू ६,००,००,०००।—(छ करोड ) |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कायम राजश्व समितिकोबाट कायम भई नगरसभाबाट समेत पारित भएको हो।बोलपत्र मूल्यांकन समितिको सिफारिसमा रू ६,२१,००,०००।— रकमको बोलपत्र स्वीकृत गर्न आशयको टिप्पणी पेश भएको हो  भन्ने समेत व्यहोरा उल्लेख गरेका साथै निजहरूको बयानबाट आर्थिक शाखा प्रमुखले कार्यपालिकामा निर्णय भए बमोजिम रकम घटाई सम्झौताका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेस गरेको भन्ने उल्लेख भएबाट समेत रकम घटाई कम मुल्य कायम गरी सम्झौता गरेको भन्ने पुष्टि हुन आउछ ।यस्तै सुवास अधिकारी,हिमालय सिंह ऐरले मौकामा बयान गर्दा समेत आर्थिक बर्ष २०७८\०७९ को न्यूनतम अंक रू ६,००,०००।— कायम गरी राजश्व परामर्श समितिबाट कायम भई र न्यूनतम अंक कायम गर्दा मेरो कुनै संलग्नता छैन भन्ने समेत व्यहोरा उल्लेख गरेबाट समेत न्यूनतम अंक कायम गरी सम्झौता गरेको देखिएबाट यी प्रतिबादीहरूको आपसी मिलोमतोमा नगरपालिकालाई राजश्व दरमा नै परिबर्तन हुने गरी सम्झौता गरेबाट यी प्रतिबादीहरूले आरोप दावी बमोजिम कसूर गरेको पुष्टि हुँदा हुँदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रही बदरभागी रहेको छ<br>ङ) प्रतिबादी केशव राज भट्ट,, दिवाकर भट्ट,, ईश्वरी प्रसाद भट्टको नजिकको हकदार श्रीमति खगेश्वरी भट्ट र श्री भवानी कन्स्ट्रक्शन प्रा.लि. कन्चनपुरको हकमा हेर्दा आर्थिक बर्ष २०७८/७९ को भीमदत्त नगरपालिका अन्तर्गत महाकाली नदीबाट नदीजन्य पदार्थ उत्खनन् सम्वन्धी ठेक्का  नं. ७/आ.आ/३३३६६/२०७८/०७९ को ठेक्का सम्बन्धमा मिति २०७८।०८।०२ गते श्री भवानी कन्स्ट्रक्सन प्रा.लि. भीमदत्त नगरपालिका-१८ ले आफ्नो आधिकारिक प्रतिनिधि दिवाकर भट्टमार्फत भीमदत्त नगरपालिकासँग मु.अ.करबाहेक रु.४,७६,६३,४६९।- (अक्षेरुपी चार करोड छयाहत्तर लाख त्रिसठ्ठी हजार चार सय उनान्सत्तरी) मा ठेक्का सम्झौता गर्दा सोही ठेक्काको प्रकाशित बोलपत्रको बुँदा नं. ३(ख) को देहाय ६ अनुसार बोलपत्रदाताले ठेक्का सम्झौता गर्दा प्रथम किस्ता कबोल अंकको ४०% ले हुन आउने रकम नगदै भीमदत्त नगरपालिकाको खातामा जम्मा गरेको भौचर पेश गरी बाँकी रकम नेपाल राष्ट्र बैकबाट स्वीकृति प्राप्त 'क'बर्गको बाणिज्य बैंकबाट जारी भएको जमानत पेश भए पछि मात्र सम्झौता गरिने छ भन्ने प्रावधानसमेतको बिपरीत सम्झौता रकमको ४०% ले हुन आउने रु.१,९१,००,०००।- (अक्षेरुपी एक करोड एकानव्वे लाख) नगरपालिकाको नामको राष्ट्रिय बाणिज्य बैकमा रकम जम्मा गरेको बैक भौचर पेश गरी बाँकी रकम रु.२,८५,६३,४६९।- को सिद्धार्थ बैंक लिमिटेडको चेक लिनुदिनु गरेको देखिन्छ। प्राकृतिक स्रोतको करको दररेटमा बोलपत्र पेश गर्दा भ्याट बाहेक प्रति घनमिटर रु.७७।६३ कबोल अङ्क राखी ठेकदार पक्षलाई आर्थिक लाभ हुने गरी नगरपालिकाको |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कर्मचारीसँगको मिलोमतोमा ठेकदारले उठाउन पाउने दररेट वढाएर भ्याटबाहेक प्रति घनमिटरको रु.१०५।८४ उल्लेख गरी भीमदत्त नगरपालिकासँग श्री भवानी कन्स्ट्रकशन प्रा.लि.ले प्रदेश कानुन बमोजिमको दररेटमा नै सम्झौता गरेको भान हुने गरी सम्झौतामा फरक फरक दररेट उल्लेख गरी आफूलाई आर्थिक लाभ हुने गरी सम्झौता गर्दा राजश्व चुहावट बापत मु.अ.कर समेत रु.१,९५,७२,१०७।७९ (अक्षेरुपी एक करोड पन्चान्नब्बे लाख बहत्तर हजार एक सय सात रुपैयाँ पैसा उनान्असी), हानि नोक्सानी भएको देखिन्छ । यस्तै मिति २०७८।०८।०२ मा भिमदत्त नगरपालिकासँग सम्झौता गर्दा बैङ्क जमानत राख्नुपर्ने रकम रु.२,८५,६३,४६९।- (अक्षेरुपी दुई करोड पचासी लाख त्रिसठ्ठी हजार चार सय उनान्सत्तरी) जमानत नराखी सम्झौता गर्दा हानीनोक्सानी भएको मु.अ.करसहित रु.३,४७,५९,७१९।९७ (अक्षेरुपी तीन करोड सत्चालिस लाख उनन्साठी हजार सात सय उन्नाईस रुपैयाँ पैसा सन्तानब्बे) नगरपालिकालाई प्रत्यक्ष हानि नोक्सानी पुर्याई यी प्रतिवादी भवानी कन्स्ट्रक्शन प्रा.लि. तथा यसका संचालकहरु केशवराज भट्ट,, इश्वरी प्रसाद भट्ट र सोही प्रा.लि.का आधिकारिक प्रतिनिधि दिवाकर भट्टले राजश्व र जमानत समेत गरी आफुहरूले गैरकानुनी लाभ लिई भीमदत्त नगरपालिकालाई हानी पुर्याएको देखिन्छ ।प्रतिबादीहरु ईश्वरी प्रसाद भट्ट, केशव राज भट्ट र दिवाकर भट्को मौकामा गरेको बयानबाट समेत कम रकममा ठेक्का सम्झौता गरेको भन्ने पुष्टि हुन आई यी प्रतिबादीहरूको बदनियत पुष्टि भईरहेको हुँदा हुदै सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी रहेको छ ।<br>**च)** उल्लिखित राजश्वमा दिईएको छुटको सम्बन्धमा थप कानुनी आधारहरू हेर्दा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ६(१) मा यस ऐन बमोजिम कर निर्धारण र असुलउपर गर्ने प्रयोजनको लागि कुनै वस्तु वा सेवाको आपूर्ति नेपालभित्र वा बाहिर भएको कुराको निर्धारण तोकिए बमोजिम हुनेछ।ऐ.ऐनको दफाको उपदफा ३(ख) अनुसार करारबमोजिम किस्ताबन्दीरूपमा कुनै वस्तु वा सेवाको मूल्य एकभन्दा बढी दिनमा आंशिकरूपमा भुक्तानी हुने व्यवस्था भएकोमा भुक्तानी भएको वा करारमा भुक्तानी गर्नुपर्ने भनेर उल्लेख गरिएको दिनमध्ये जुन पहिले हुन्छ सोसमय हुने उल्लेख छ।जसअनुसार श्री भवानी कन्सट्रक्सन प्रा.लि.ले भीमदत्त न.पा. सँग भएको सम्झौता बमोजिम प्राकृतिक स्रोतबाट (नदीजन्य पदार्थ) आयको ठेक्कामा मिति २०७७ साल बैशाख मसान्तमा अन्तिम किस्ता तिर्ने समय रहेको देखिँदा बैशाख मसान्तमा नै सम्पूर्ण मूल्य अभिवृद्धि कर निर्धारण हुने देखिन्छ।यस्तै **संघीय आर्थिक ऐन, २०७६ को दफा १८(१) मा प्रचलित कानूनमा** जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकारले आवश्यकतानुसार यो ऐन र प्रचलित |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अन्य कानूनबमोजिम लगाइएका दस्तुर, शुल्क, महसुल वा करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महसुल वा कर आंशिक वा पूर्णरूपमा छुट दिन सक्ने भन्ने व्यवस्था छ। यहाँ स्थानीय तहको नगरसभाको निर्णयबमोजिम रोयल्टी छुट गरिएकोमा उक्त निर्णय गर्दा स्थानीय तहबाट कर छुट दिँदा केन्द्रीय राजश्व सङ्कलनमा समेत फरक पर्ने देखिन्छ। उक्त नदीजन्य बस्तुको रोयल्टी छुट गर्ने अधिकार नेपालको संविधानको अनुसूची ८ बमोजिमका स्थानीय सरकारको अधिकारको विषयभित्र नपर्ने देखिन्छ भन्ने उक्त रोयल्टी नेपालको संविधानको अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीभित्र पर्ने देखिन्छ। यसरी उल्लिखित व्यवस्थाका आधारमा राजश्व छुट सम्बन्धमा नेपाल सरकारले मात्र दिन सक्ने हुँदाहुँदै स्थानीय तहले निर्णय गरी राजश्व छुट दिएको त्रुटिपूर्ण रहेको छ<br>अतः माथि उल्लेखित आधार र कारण समेतबाट बिशेष अदालत काठमाण्डौले गरेको फैसला त्रुटिपूर्ण देखिदा प्रतिबादीहरू पुष्कर प्रसाद भट्ट,हिमालय सिंह ऐर,गोबिन्द राज उपाध्याय,दिपेन्द्र चौधरी,बिष्णुदेव भट्ट,सुवास अधिकारी,ईश्वरी प्रसाद भट्ट, भवानी कन्स्ट्रक्सनका आधिकारीक प्रतिनिधि दिवाकर भट्ट,भवानी कन्स्ट्रक्सनका संचालक केशव राज भट्ट,खगेशवरी भट्ट र श्री भवानी कन्स्ट्रक्सन प्रा.ली लाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भएको हुँदा उक्त फैसला वदर गरी आरोप-पत्र मागदावी बमोजिम अन्य प्रतिबादीहरूलाई सजाय गरी प्रतिबादी खगेश्वरी भट्टको हकमा प्रतिबादी ईश्वरी प्रसाद भट्टको मृत्यु भएको हुँदा निजलाई कायम हुने बिगो यी प्रतिबादी खगेश्वरी भट्टबाट भराईपाउन सम्मानित अदालत समक्ष अनुरोध छ |